स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिर्ग्दशन २०७४ को

अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

# आर्थिक बर्ष २०७७/०७८ को
# निति, कार्यक्रम तथा बजेट

आदर्श गाउँपालिका

डोटी जिल्ला

सुदुर पश्चिम प्रदेश

२०७७

यस आदर्श गाउँपालिकाको आ.व.२०७७/०७८ को सातौं गाउँ सभा उदघाटन समारोहका सभाध्यक्ष एवं आदर्शगाउँपालिकाका अध्यक्षज्यु,

सम्पूर्ण वडाका वडाअध्यक्षहरुज्यूहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृतज्यु,विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु,सञ्चारकर्मी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, इलाका प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यू,लगायत उपस्थित सम्पूर्ण कर्मचारीज्यूहरु एवं महानुभावज्यूहरु ।

हाम्रो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात २०७२ मा नयां संविधान निर्माण भई संविधानमा संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मुल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ र सोही अनुरुप दूई दशक पछि स्थानिय तहको निर्वाचन सम्पन्न भई निर्वाचत भएको करिव तीन वर्ष पछि गाउँपालिकाको उपाध्यक्षको हैसियतले तपाईहरु समक्ष सातौ गाउँ सभालाई सम्वोधन गर्न पाउदा अति खुसी लागेको छ र उपस्थित सम्पूर्ण महानुभावलाई आफ्नो अमूल्य समय प्रदान गरी गाउं सभाको गरीमा बढाई दिनु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु ।

सर्वप्रथम राष्ट्रको निम्ती आफ्नो ज्यानको बलिदान दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै यस आदर्श गाउँपालिकाको संक्षिप्त चिनारी प्रस्तुत गर्न चाहान्छु ।

संघीय संरचना अनुसार शुदूर पश्चिम प्रदेश अन्तर्गत रहेको डोटी जिल्लाको सदरमुकाम सिलगढी बाट ३३ कि.मी. टाढा रहेको आदर्श गाउँपालिकाको पूर्वमा दि.सि.न.पा.,पश्चिममा शिखर न.पा. र डडेल्धुरा,उत्तरमा सायल गाउँपालिका र दक्षिणमा शिखर न.पा.रहेको छ । २०७६ को घरधुरी सर्वेक्षणको आधारमा यस आदर्श गाउँपालिकाको कुल क्षेत्रफल १२२ वर्ग कि.मी. ५२३८ घरधुरी,जनसंख्या ३१४३८ रहेको छ भने विशेष गरि क्षेत्री,बाहुन,दलितहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा हाल ७ वटा वडाहरु रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

हामीले सहभागीतात्मक गाउँ विकास योजना तर्जुमा प्रकृया अवलम्बन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजना हरुलाई संघिय सरकारको तथा प्रदेश सरकारको मार्ग दर्शन तथा गाउँपालिकाको आन्तरिक श्रोतलाई समेतलाई ध्यानमा राखेर निति कार्यकम तयार गर्नु पर्नेमा अहिले विश्वभरि कोरोना भाइरस महामारी रोगको संक्रमणले संभव नभए पनि आ.व. २०७६।०७७ का अधुरा कार्यकमहरुलाई प्राथमिकता दिदै पदाधिकारीहरुबाट जनसमुदायसंग फोन मार्फत लिईएको परामर्शको आधारमा आ.व.२०७७/०७८ को सातौं गाउँसभाको यो निति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास ,उन्नति र प्रगतिका लागी आधार तयार गर्ने छ भन्ने कुरामा हामी विश्वस्त रहेका छौ ।

**आदरणिय सभाध्यक्षज्यू,**

हामी पदाधिकारीहरु निर्वाचित भई यो तीन वर्षको समय सम्म यस आदर्श गाउपालिकामा भएको उपलब्धिहरुको वारेमा छोटकरीमा प्रस्तुत गर्न चाहान्छु ।

यस आदर्श गाउँपालिकामा रहेका सात ओटा वडाका करिब ३१ हजार नागरिकलाई बिकास र सुशासन दिनु र विकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो । विगत आर्थिक वर्षमा यस आदर्श गाउँपालिकामा भौतिक तथा मानवीय बिकासमा कस्तो प्रभाव पारेको छ सो विषयमा संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

(क) **आर्थिक विकास:** गाउँका बासिन्दाको गरिबी न्यूनिकरण गर्नु हाम्रो ठूलो चुनौति रहेको र हाल कोरोना भाइरस रोगको महामारी रहदा रहदै पनि हामीले जनताको जीवनस्तर उठाउनका लागि प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनाको निरन्तरता दिई यस क्षेत्रका किसानलाई आत्मनिर्भर बनाउन प्रयास गरेका छौं । पशुपालनको माध्यमबाट गाउँका बासिन्दालाई रोजगार प्रदान गर्न गाउँका धेरै स्थानमा पशुपालन गर्ने कार्यलाई पाथमिकता दिई आवश्यक कार्यकम कार्यान्वयन गरिएको छ । स्वरोजगार कार्यकम अन्तर्गत हाल बेरोजगार व्यक्तिहरुको सूचि संकलन गरि रोजगार योजना संचालन गरिएको छ ।

(ख) **सामाजिक क्षेत्र:** आदर्श गाउँपालिकाको प्रमुख समस्या रहदै आएको स्वच्छ खानेपानी कार्यकमलाई डिप बोरिङ्ग प्रविधिको माध्यमबाट गाउँपालिकाको केन्द्रबिन्दूमा रहेको मौवानगरदहमा खानेपानी उत्खनन गरि उपयोगमा ल्याईएको छ । प्रत्येक वडाहरुमा बहूक्षेत्रीय पोषण योजना कार्यक्रम कार्यान्वयन गरिएको छ । वडा नं.३ र ४ मा ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना र गाउँपालिकाको साझेदारीमा खानेपानी तथा पूर्ण सरसफाई कार्यक्रम लागु गरी सामाजिक बिकासको क्षेत्रलाई माथि उठाउने प्रयास गरीएको छ भने वडा नं.१ को चाँसी,वडा नं २ को बाहुनकाँडा वडा नं ३ को ऐली र काँडी वडा नं ५ को तलारा वडा नं ६ को सवखोलामा सामुदायिक स्वास्थ्य एकाइ केन्द्र स्थापना गरिएको छ । गाउँपालिकालाई पूर्ण साक्षरयुक्त घोषणा समेत गरिएको छ भने गाउँपालिकास्तरीय राष्ट्रपती रनिङ शिल्ड खेलकुद प्रतियोगिता पनि सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालयको आयोजना तथा यस आदर्श गाउँपालिकाको सहयोगमा एकिकृत घुम्ति शिविर कार्यकममा ६०३ जनाले नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न सफल भएका,अपाङ्गता परिचय पत्र प्रदान र शिक्षा,स्वास्थ्य,कृषि,पशु कार्यालयले आ आफनो सेवा प्रवाह गरेको र गाउँपालिकाको सहयोगमा महिलाहरुको कटाई सम्बन्धि सिपमुलक कार्यक्रम सञ्चालन गरिएको साथै गाउँपालिका पार्श्वचित्र निर्माण भई सकेको व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

(ग) **पूर्वाधार बिकास क्षेत्र:** गाउँपालिकाको विकासमा पुर्वाधार विकासका लागि सबै वडामा बिनियोजन गरिएको बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको थियो । गाउँपालिका क्षेत्रका पुर्वाधार अर्न्तगत वडा नं.१ दुर्गा मन्दिरको घेरवार तथा गेट निर्माण वडा नं.२ मा बजेडी बाहुनकाँडा सडक निर्माण गरि सबै टोलमा यातायात सर्वसुलभ भएको,पर्यटकिय प्रवर्द्धनको लागि गिठेगुणा गुफा

व्यवस्थापन गरिएको रे प्रेमस्मृति पार्कमा भ्यू टावर देखि पिकनिक स्पोर्टस निर्माणका लागि डिपिआर तयार गरि निर्माण कार्य शुरु गरिएको, नमाशिवशक्ति बचत तथा ऋण सहकारी संस्था लि.को भवन निर्माणमा आवश्यक सहयोग गरिएको,भौगोलिक रुपमा साह्रै विकट रहेको ६ नम्बर वडाको गिरिचौकामा सडक पुग्न सफल भएको छ साथै वडा नं. ३ को आडको गाउँमा सडक पुग्न सफल भएको,ऐलीमा सिंचाइ नहर निर्माण गरि कृषि उत्पादनमा वृद्धि हुने आसा रहेको र निजि उद्योगलाई अनुदान दिई निजि क्षेत्रलाई प्रोत्साहन गरिएको वडा नं.४ मा रोडिङ देखि धुले सम्म ढलानको बाटो निर्माण रआकासे पानी संकलन पोखरी निर्माण अति उत्तम देखिएको वडा नं.५ सिंचाइ पाइप खरिद गरि सबै टोलमा सिंचाइ कार्य व्यवस्थापन गरिएको र तलारा सिंचाइ कुलो निर्माण भएको साथै वडा कार्यालय व्यवस्थित भएको वडा नं.६ को गिरिचौकामा देवी मन्दिर निर्माण तथा ऐली थला सडक निर्माण वडा नं.७ मा दहकालिकास्थान सडक ग्राभेल गरिएको तथा सातला र दहमा बालविकास केन्द्र भवन निर्माण गरिएको छ भने सबै वडामा आकासे पानी संकलन पोखरी निर्माण भएका छन ।

**(घ) वातावरण तथा बिपद् व्यवस्थापन:** वातावरण संरक्षणमा गाँउपालिका भित्रका सामुदायिक बनमा बृक्षारोपण गर्ने कार्यक्रम रहेको छ । गाउँपालिका तथा वडा स्तरमा बिपत व्यवस्थापन समिति र कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समिति गठन भई गैर सरकारी संस्था, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी संग समन्वय गरि अहिले महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस रोगको रोकथाम र नियन्त्रण गर्नमा सबै पक्ष एक्येबद्धताका साथ लागेको पनि जानकारी गराउन चाहान्छौं ।

**(ङ) संस्थागत बिकास, सेवा प्रवाह र सुशासन:** गाउँपालिकाको संस्थागत विकासको लागि सबै शाखा, एकाई, सहित सबै संग समन्वय बढाइएको छ । स्वास्थ्य सेवालाई सुदृढ गर्न कर्मचारी थप गरिएका छन । गाउँकार्यपालिकाबाट गरिने अनुगमन सुपरीबेक्षण कार्यलाई सुदृढ गरिएको छ ।

**च) न्यायिक समिति:** यस गाउँपालिकामा तीन सदस्यीय न्यायिक समिति गठन र वडामा वडास्तरी मेलमिलाप समिति गठन भई उक्त समितिलाई मेलमिलाप सम्वन्धि तालिम सञ्चालन भएको छ भने न्यायिक समितिमा साँध सिमाना, लेनदेन, घरेलुहिंसा, कुटपिट, जस्ता मुद्दा आएकामा अधिकांस मुद्दाहरु समयमा नै मिलापत्र एवं किनारा समेत भईसकेको जानकारी गर्न चाहान्छु ।

**आदरणीय सभाध्यक्षज्यु**

गाउँपालिकाको विकास सरकारी प्रयासले मात्र सम्भव नहुने कुरा हाम्रा सामु छर्लङ रहेको छ। बजेट खर्च तथा बजेट उपलब्ध गराउने कुरालाई हेर्दा लाखौ रुपैया सरकारी गैर सरकारी क्षेत्रबाट बिनियोजित एवं खर्च भै नै रहेको छ तथापि यहाको भौतिक आर्थिक तथा मानवीय बिकास को स्थिति अन्येत्रका गाउँपालिकाको तुलनामा कमजोर रहेको देखिन्छ । उपभोक्ता समिति गाउँपालिका क्षेत्रका आयोजनाहरुको निर्माणमा आ-आफ्नो भुमिका निर्वाह गर्दै आएकोमा आयोजनाको गुणस्तरमा समेत ध्यान दिईरहेका छन । आयोजना निमार्ण कार्य पश्चात त्यसको दिगोपनको लागि उपभोक्ता समितिको भुमिका प्रभावकारी हुन नसकेको यर्थाथ हाम्रा सामु विद्यमान रहेको छ भने गाउँका ठुला आयोजनाहरुको छनौट एवं कार्यान्वन पनि प्रभावकारी नभएको कारण कमजोर गुणस्तरको काम एवं

जेट तथा कार्यक्रम अनुरुप कार्य हुन नसक्दा विकासले समाजमा सकारात्मक परिवर्तन गरी सर्वसाधारणको जनजीवनमा उल्लेख्य प्रभाव पार्न सकेको छैन ।

गाउँपालिकालाई सभ्य,आर्कषण ,भ्रष्टाचार अनियमितता र ढीलासुस्ती रहित सुविधा सम्पन्न बनाउन यस सभामा उपस्थित प्रतीनिधी राजनैतीक दल,उपभोक्ता समिति, नागरीक समाज,पत्रकार,महिला,दलित,अपाङ्ग, जनजाती बुद्धीजीबी,शिक्षक,समाजसेवी,कर्मचारी एंव गाउँबासी सबैको कर्तव्य हो। बिगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यक्रम ,नीती तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आवश्यकताका कारण आ.व.२०७७/०७८ मा गाउँसभाले केही लक्षित कार्यक्रम तथा नितीहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

१. **आर्थिक विकास** : आदर्श गाउँपालिकामा रहेका कृषकहरु तथा कोरोना महामारीका कारणले विदेश सहित छिमेकी राष्ट्र भारतबाट आई रोजगारी विहिन भएका गाउँपालिकाका बासिन्दालाई आयआर्जनका कृयाकलापहरुमा आत्म निर्भर बनाई रोजगार सृजना गर्ने कार्यलाई प्राथमिकता दिन आवश्यक भएको देखिएकोले बजार ब्यबसाय, कृषि, पशुपालन, फलफुल, कुखुरापालन एवं पकेट क्षेत्र, सिप विकास तालिम, उन्नत सहकारी, सिंचाई र **एक गाउं एक उत्पादनको कार्यक्रम** आवश्यक रहेको छ त्यसैले आर्थिक विकासको लागि आवश्यक पर्ने रकम बिनियोजन गर्ने गरी निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

- एक वडा एक कृषि उत्पादन पकेट क्षेत्र कार्यको अवधारण लाई अगाडी बढाई कृषकहरुलाई आत्मनिभरता तर्फ उन्मुख गराइने निति लिइएको छ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलता प्रवर्द्धन गर्नमल,विउ,किटनासक औषधीको उपलव्धता,उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्द्धन गरिने छ ।
- किसानको लागत मूल्य प्राप्तिको सुनिश्चतताको लागि कृषि तथा पशु बिमा कार्यकमलाई प्रोत्साहित गर्न कार्यकमगत व्यवस्था गरिने छ ।
- स्थानीय तहभित्र रहेका बाझो जग्गाहरुको एकिकृत तथ्याकं संकलन गरि सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन कार्यान्वयन गर्न सहजीकरण गरिने छ र सो कार्यलाई प्रोत्साहित गर्न कर सहुलियत तथा अनुदानको व्यवस्था समेत गरिने छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरि उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रमहरु ल्याइने छ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अधावधिक गरि त्यस्तो

जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण,सेवा,व्यवसाय,उद्योग,कृषि लगायतका क्षेत्रका रोजगारदातासंग समन्वय गरि रोजगारी प्रदान गर्न सहजकिरणको व्यवस्था गरिने छ ।

- कृषि क्षेत्रमा विशेष आलु कार्यर्कम,मौरी कार्यक्रम,प्लास्टिक घर निर्माण कार्यलाई प्राथमिकता दिईएको छ ।
- साना सिचाइ कार्यक्रम,प्रधानमन्त्री कषि आधुनिकिकरण तथा बाली विकास कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- फलफुल खेती,तरकारी खेती र पशुपालन कार्यक्रमलाई लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- स्थानीस्तरमा रोजगारी अभिबृद्धिगर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमुलक तालीम कार्यक्रम सञ्चालन गरिने भएको छ ।
- पर्यटन बिकासलाई अधि बढाउन आबश्यक पुर्वाधार बिकास बढाइने कार्यक्रम रहेको छ ।
- गाउँपालिकाको आन्तरीक सोत अभिबृद्धिका लागी करका नयां स्रोतहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्नका लागी थप अध्ययन गर्नुका साथै कर संकलनका लागी यस गाउँपालिकासंग सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझादारीको निती अवलम्बन गरिने भएको छ ।
- सम्बन्धित निकाएको सहयोग तथा सहकार्य सहित बजार अनुगमन गर्ने व्यवस्था मिलाइने भएको छ ।
- बजारमा अनियन्त्रीत रुपमा पसल अगाडी राखेका होडिङ्ग बोर्ड तथा फुटपाथ पसलहरुलाई हटाइ बजारलाई व्यवस्थित तथा सफा बनाइने कार्यक्रम रहेको छ ।
- चाँसी, काँडी तथा गिरिचौका, क्षेत्रमा तरकारी तथा नगदे बालीको पकेट क्षेत्र बनाई नगदे बाली उत्पादन का लागी किसानलाई प्रोत्साहन गरी आवश्यक सहयोग गरिने भएको छ ।
- यूवा बेरोजगारलाई काम गर्न गाउँपालिकाका सम्भाबित क्षेत्रमा पशुपालन, बाख्रा पालन तथा फलफुल कार्यक्रम सञ्चालन गर्न किसानलाई प्रोत्साहित गरिने भएको छ ।
- गाउँपालिकको वडा नं.६ अर्न्तगत गिरिचौका क्षेत्रमा वनस्पती घिउ तथा सिमेन्ट उधोगको सम्भाब्यता अध्ययनलाई निरन्तरता दिने भएको छ ।

- सामुदायिक वनका सदस्यहरुमा उद्यमशिलता बिकास गर्नका लागि एक वन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि पूर्वाधार विकास कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गरिने छ ।
- व्यवसायमूलक उत्पादनका कार्यक्रमहरुलाई प्राथमिकता दिई महिलामूखी आय आर्जनका कियाकलापहरु अघि बढाईने छ ।
- उन्नत जातको पशु व्यवसाय सञ्चालन गरि कृतिम गर्भाधान प्रकिया लागु गरिने छ ।
- कृषि तथ्याङक व्यवस्थापन र कृषकहरु सूचिकरण तथा दर्ता कार्यकमलाई व्यवस्थित गरिने छ ।
- भिरालो जमिनको संरक्षण गर्न गरा सुधार कार्यक्रम तथा खेतीयोग्य जमिनलाई उर्वरायुक्त बनाउनको लागि माटो परीक्षण कार्यक्रम अवलम्बन गरिने छ ।

**(ख) सामाजिक विकास** :सामाजिक विकास चेतना, शिक्षा, समावेशी विकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आवस्यक कुरा भएको महसुस गरी उक्त क्षेत्रको विकासका लागि एथोचित बजेट विनियोजन गरी निम्नुसारका नीतिहरुलाई प्राथमिकता दिइने भएको छ ।

- बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागु गर्न बालमैत्री सम्बन्धी कार्यकम संचालन गरिनेछ । गाउँपालिकालाई बालश्रम निषेधित गाउँ बनाउन आबश्यक सबै प्रकृया अपनाइनेछ र बाल श्रमिक कुनै पनि बहानामा राख्न नपाउने नीति अख्तियार गरिने भएको छ ।
- स्थानीय कच्चा पदार्थ,सिप र प्रविधिको प्रयोगद्वारा रोजगारी सृजना कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।
- गाउँपालीकाको निर्माण गरिने विकासको हरेक क्षेत्रमा बालमैत्री,अपाङ्गमैत्री संरचना निमार्ण गरिने कार्यक्रम रहेको छ ।
- अस्पताल,स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको उचित व्यवस्थापन गरिने छ ।
- खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्यसंग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरिने छ ।
- जेष्ठ नागरिकहरुलाई परिचय पत्रको व्यवस्था गरिने भएको छ ।
- विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरुको प्रयोग गरि पठनपाठन सूचारुको आवश्यक व्यवस्था गरिने छ ।

- सार्बजनिक तथा सामुदायिक विद्यालयको मर्मत सुधार ,फर्निचर तथा भौतीक विकास सम्बन्धी कार्यकमंमा सहयोग पुऱ्याउदै यस्ता कार्यकम संचालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पुर्णरुपमा पालना गर्न उत्प्रेरित, गरिने भएको छ ।
- पुर्ण संस्थागत प्रसुती युक्त गाउँपालिका घोषणा गर्नको सामुदायिकस्वास्थ्य केन्द्रलाई वर्थिङ सेन्टरमा परिणत गरिने छ । यस क्षेत्रमा रहेको ७ ओटा सामुदायिक स्वास्थ्य केन्द्रलाई परिचालन गरी मातृशिशु स्वास्थ्य एवं सुनौला हजार दिनका आमा र शिशूको स्वास्थ्यलाई ध्यान दिइने निति अगाढि बढाइने भएको छ ।
- सामाजिक दुरी कायम गरि विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गरि पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण,खानेपानी,शौचालय तथा सरसफाइको प्रवन्ध गरिने छ ।
- स्वास्थ्य संस्थामा भिडियो एक्सरेबाट गर्भवती महिलाहरुको परिक्षण गराइएकोमा स्थानीय स्वास्थय कर्मीलाई सो सम्बन्धि तालिमको व्यवस्था गरि निरन्तरता दिइने छ ।
- गाउँपालिकाबाट सबै बर्थिङ सेन्टरमा कामगर्ने अ.न.मि.हरुलाई SBA तालिम उपलब्ध गराई शूरक्षित प्रशुती सेवा दिइने छ ।
- स्वास्थ्य संस्थामा निशुल्क गर्भपतन सेवा सञ्चालन तथा घरघरमा पानी शुद्धिकरण गर्नको लागि पियुष कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा रहेका निजि क्लिनिक ,पोलिक्लिनिकहरुलाई व्यवस्थित र दर्ताको प्रकियामा ल्याइने छ ।
- स्वास्थ्य कार्यकम अन्तर्गत आमा सुरक्षा कार्यकममा दिदै आएको यातायात र उत्प्रेणा भत्ता कायम गर्ने निति रहेको छ ।
- समुदायस्तरको स्वास्थ्यको जिम्मा लिन हुने म.स्वा.स्व.से.हरुको सेवालाई विस्तार र गुणस्तरीय बनाउन सकिय नरहेका म.स्वा.स्व.से.हरुलाई सम्माजनक बिदाई गराइ निजको ठाउँमा प्रकिया बमोजिम नया छनौट गरिने छ ।
- निजि रुपमा सञ्चालित मेडिकलबाट दिईने स्वास्थ्य सेवालाई निरुत्साहित गरि सरकारी स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने सेवालाई प्राथमिकताको निति अवलम्बन गरिने छ ।
- खेलकुद बिकासका लागी खेलकुद संग सम्बन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा गाउँपालिका स्तरीय खेलकुद प्रतीयोगीता संचालन गरिनेछ । साथै खेलकुद बिकास र कार्यकम संचालनका लागी गाउँपालिकाको केन्द्र बिन्दुमा युवाहरुलाई सृजनशीलता तर्फ उन्मुख गराउन दुर्व्यसनजन्य कुरालाई न्युनिकरण गर्न नेपाल सरकारका निकाय संगको समन्वय बढाउने र महिला हिंसा न्युनिकरण गर्न आवस्यक कार्य गरिने भएको छ ।
- यस गाउँपालीका क्षेत्रमा मदिरा जन्य पदार्थको बिक्रि बितरणलाई व्यवस्थित गर्न सम्बन्धित निकाय संग समन्वय गरी सार्बजनिक स्थलबाट तोकिएको दुरी र समयमा

मात्र बेचबिखन गर्न पाउने व्यवस्थालाई कडाइका साथ लागु गर्न आबस्यक कार्यकम रहेको छ ।

- बिपन्न पछाडी पारीएका व्यक्तिहरुका लागी आय आर्जन सम्बन्धी सीपमुलक कार्यकम ( गारमेन्ट, होजीयारी) उद्यमशीलता बिकास गर्ने कार्यक्रम सहित एक वडा एक उद्यमशीलता दूग्ध उत्पादन, तरकारी फलफुल र नगदेबाली पकेट क्षेत्र कार्यक्रम संचालन गरीने भएको छ ।

- महिलावर्गलाई हरेक क्षेत्रमा सहभागीताका लागी विभिन्न शशक्तिकरण कार्यकमहरु सन्चालन हुने गरिने छ ।
- यस गाउँपालिकालाई आगामी ५ बर्ष भित्रमा कुपोषण मूक्त गरी पोषण यूक्त गाउँ बनाउन स्वास्थ्य,शिक्षा,कृषि,पशुसेवा,खानेपानी तथा सरसफाई महिला तथा बालबालीका र संस्थागत सुशासनको क्षेत्रमा बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यान्वयनमा ल्याइने भएको छ ।
- गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु,गिरिचौकाको तेडी मन्दिर,काँडीको दशै पर्व,देहिमाण्डौको जाँत,पाइलको दुर्गा जात,नवादेव (मौवा) जात, गिरिचौकाको डुणाबाग (चौसट्टी बोकाको भोग खाने देवता) बाफककानीको कालसैनी भैरव दशै पर्व र वडा नं. २ को गुफाको संरक्षण तथा बिकासमा जोड दिईने कार्यकम रहेको छ ।
- आदर्श गाउँपालिका अन्तर्गत रहेका वडा नं.६ मा रहेको शिव गुफा,वडा नं.७ मा रहेको गजलागिरी गुफा, भैरव मन्दिर,वडा नं.३ मा रहेको टुडलेकी देवी मन्दिर आड,डाणाबाग मन्दिर काँडा,वडा नं.५ मा रहेको मष्टा देवताको मन्दिर,भगवती मन्दिर तलारा,तेडी मन्दिर पाली,समैजी मन्दिर,वडा नं.२ मा रहेको कारेकोट भैरव मन्दिर,महादेव मन्दिर,वडा नं.१ मा रहेको बुणातेडी मन्दिरको संरक्षण सर्म्बद्धनमा जोड दिईने छ ।
- अनिवार्य बिद्यालय भर्ना अभियान एवं व्यक्तिगत घटना दर्ता कार्यकमलाई वडा एवं गाउँमा अभियानको रुपमा संचालन गरिएको छ ।
- जातीय छुवाछुत लगायत भेदभाव उन्मुलन गर्ने किसिमका अभियानमूलक कार्यकमहरु सन्चालन गर्ने निति लिईएको छ ।
- विगतमा भईरहेका कार्यहरु र अनुउत्पादक क्षेत्रको लगानीलाई कटौती गरि कृषि,गैहकृषि लगायत उत्पादनमूलक कार्यमा लगानी वृद्धि गरिने छ ।
- कोरोनाको महामारी र लगडाउनकै अवधिमा समाजमा महिला हिंसा लगायतका अपराधको श्रखंला निरन्तर रुपमा वढि रहेकाले महिला हिंसा अन्त्यका लागि अभियानमूलक कायमा जोड दिईने छ ।

- समाजमा विद्यमान रहेका कुरिती छाउपडी प्रथा,बालविवाह, छुवाछुत, घरेलु हिंसा,जातिय विभेद तथा बालदुर्व्यवहार जस्ता कुरालाई निरुत्साहितका लागि विगतका अभियानमूलक कार्यको निरन्तरता संगै साझा अभियानमुलक कार्यक्रम तर्जुमा गरिने छ ।
- गाउँपालिका क्षेत्रमा रहेको विद्यार्थी संख्या न्युन रहेको विद्यालयहरुलाइ आवश्यकता अनुसार समायोजन गरी विद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमीकता दिई विद्यालयको गुणस्तर सुधार गर्न शिक्षा नियमावली बनाउने कार्यक्रम रहेको छ ।
- सामुदायिक विद्यालयहरुमा भर्ना गरिएका निजि शिक्षकहरुको पारश्रमिक उपलव्धको लागि कार्यविधि निर्माण गरि विद्यालय अनुदान उपलव्ध गराईने छ ।
- सामुदायिक विद्यालयहरुमा मन्टेश्वरी शिक्षा सम्बन्धि तालिमको व्यवस्था गरि सो सम्बन्धि शिक्षा बालबालिकाहरुलाई उपलव्ध गराउने निति लिइएको छ ।
- खप्तड क्याम्पसमा प्राविधिक विषयको पढाईका लागी आवश्यक सहयोग र समन्वय गरिनेछ । साथै गाउँपालिका भित्र रहेका मा.वि.हरुमा पनि प्राविधिक बिषयको पढाई संचालन गर्न आवश्यक भौतीक पूर्वाधार निर्माणका लागी भौतिक पूर्वाधार तथा विकास मन्त्रालय प्रदेश सरकार मार्फत आवश्यक समन्वय र सहयोग गरिनेछ ।
- मौवानगरदह स्वास्थ्य चौकीलाई नमुना स्वास्थ्य चौकी बनाइने छ ।
- दुर्गा देवी मन्दिर देहिमाण्डौलाई धार्मिक तथा पर्यटकियस्थल बनाउन आवश्यक पहल गरिने छ ।
- गाउँपालिकाको बृहत खानेपानी योजना निर्माणको लागि केन्द्र,प्रदेश तथा अन्य संघ संस्थाहरु संग समन्वय गरिने छ ।
- स्थानीय कच्चा पदार्थबाट अचार तथा खाद्येवस्तु उत्पादन सम्बन्धि तालिम सन्चालन गरिने छ ।

(ग) **पुर्वाधार बिकास** :गाउँपालिकाका प्रमुख पूर्वाधार बिकासका लागि आवशयकता अनुरुप बजेट बिनियोजन गरिएको छ । अधूरा आयोजनाको निरन्तरता र नयां आवश्यक पुर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ ।

- :गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आवश्यक समपुरक कोष मर्मत सम्भार कोष सहित पुर्वाधारको स्तर बृद्धिका लागि बजेटको व्यवस्था तथा सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यक्रम रहेको छ ।
- कोरोना महामारी रोग तथा अन्य आई पर्ने महामारी रोगबाट नागरिकहरुलाई बचाउनको लागि गाउँपालिकाको सहज हुने स्थानमा आईसोलेसन भवन निर्माण गर्नको लागि पहल गरिने छ ।

- गाउँपालिका अन्तर्गत गाउँकार्यपालिकाको कार्यालयको भवन निर्माण गर्नको लागि रोयल कन्स्ट्रक्सन,कैलालीसंग सम्झौताको क्रममा रहेको तथा वडा नं.३ र ७ को वडा कार्यालयको भवन निर्माण गर्ने कार्यक्रमलाई अघि बढाईने छ ।
- विषेश गरी दिपायल देखि मौवा क्षेत्रमा सडक निमार्ण गर्दा दायां बायां पक्की नाली सहितको कालोपत्रले सडक निमार्ण गरिने कार्यलाई बहुवर्षिय योजनाको शुरुवात गरिने छ साथै उक्त सडक स्तरोन्नती कार्यमा भौतिक पूर्वाधार तथा विकास मन्त्रालय प्रदेश सरकार समक्ष सहयोगको लागि अनुरोध गरिने भएको छ ।
- आ. व २०७६।०७७ मा सम्झौता भई कार्यान्वयन रहेका बहुवर्षिय आयोजना तथा चालु वर्षका अधुरा योजनाहरुलाई प्राथमिकता दिइएको छ ।
- स्थानीय सडकहरुको मर्मत सम्भार गर्नको लागि सडक मर्मत सम्भार समूहलाई निरन्तरता दिईने भएको छ ।
- वडा नं. २ को कुचेडाको सामुदायिक वनको कपरतोलामा प्रेम स्मृती पार्क निर्माणको प्रकिया अगाढि बढेकोमा निरन्तरता दिईने तथा भुण र दोबाजमा प्रवेशद्धार निमार्णको लागि विशेष पहल गरिने छ ।
- गाउँपालिकामा आवश्यक रहेको खानेपानीको आपुर्तीलाई सहज बनाउन हाल डिप बोरिङ्ग प्रणालीबाट मौवानगरहमा खानेपानी उत्खनन गरिएकोमा आवश्यक ठाउहरुमा व्यवस्थापन गरि अन्य पानीको मुहान भएका स्थानहरुमा उक्त कार्यलाई अघि बढाईने छ । साथै पानी नभएका बस्तिमा खानेपानी एवं सरसफाईको लागी अन्य सरोकारवाला निकायहरुसंगको सहकार्यहरुलाई पनि जोड दिइएको छ,।
- गाउँपालिका भित्रका बिजुली बत्ति नपुगेका गाउं बस्तिलाई बिजुली बत्ति पुगाउन उच्च प्राथमिकता दिइएको छ ।
- बिषेशत ठूला पूर्वाधार तर्फ प्रदेश सरकारबाट आउने बजेटलाई लक्षित गरिएको छ ।
- आकस्मिक रुपका गरिने कार्यकमहरुको लागि प्रक्रिया बमोजिम आकस्मिक कोषको व्यवस्था गरिने छ ।

**अ. घर नक्सा पास :**

- गाउँपालीकामा सरकारी,गैरसरकारी,तथा नीजी घर,भवन ,निर्माण गर्दा नक्सा पास गर्ने प्रणालीलाई निरन्तर अवलम्बन गरिने भएको छ ।
- निर्माणको क्रममा रहेको वा अब नयां बन्ने भवनहरुलाई **"एकघर पाँच बिरुवा"**को निती अवलम्बन गरिएको छ ।
- गाउँपालिकाको क्षेत्रभित्र अब बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री बनाउनका प्रोत्साहन गरिने भएको छ ।
- पुराना घर दर्ता गर्ने अभियान तथा नया घर दर्ता गर्ने प्रकृयालाई लागु गरिएको छ ।

• घना बस्ति भएका क्षेत्रमा ढल निकासको उचित व्यवस्थापनमा ध्यान दिइएको छ ।

(घ)कोभिड-१९ बाट सिर्जित संकट व्यवस्थापन:

१) आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलव्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरि आयोजनाहरु कार्यान्वयन छनौटमा प्राथमिकता दिईने छ ।

२) संकमण जोखिम रहदा सम्म अशक्त,असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला,जेष्ठ नागरिक एवं अपागंता भएका व्यक्तिहरुलाई राहत तथा मनोसामाजिक परामर्शका कार्यकमहरु सञ्चालन गरिने छ ।

३) कोभिड-१९ महामारी रोगको रोकथामको लागि स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्रीहरुको व्यवस्था गरिने छ ।

४) कोभिड संकमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्वारेन्टाइनमा राख्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

५) .कोभिड-१९ को संकमण रोकथाम तथा नियन्त्रणको लागि क्षमता तथा सचेतना कार्यकमहरु सञ्चालन गरिने छ ।

**(घ)वातावरण तथा विपद व्यवस्थापन** :कोभिड-१९ बाहेकका बिपतहरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी,प्रतिकार्य र पुनर्लाभका कार्यकमहरु सञ्चालन गर्न स्थानीय विपद् कोषमा आवश्यक बजेटको व्यवस्था गरिने छ । विपद व्यबस्थापनका लागि थप आवश्यक कार्य समेत गरिने भएको छ ।

- गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायां बायां हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षण गर्दै लगिने कार्यकम रहेको छ ।
- पूर्वाधार विकासका कियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रबिन्दूमा राखि कार्यान्वयन सघाउ पुग्ने गरि डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका क्षेत्रलाई खुला दिशा मुक्त गरिसकेको र गाउँपालिकाका अधिकांस घरमा पूर्ण सरसफाई प्रवर्द्धन गर्नका लागी सरसफाई कार्ड वितरण गरी पुर्ण सरसफाई अभियानलाई निरन्तरता दिईने भएको छ ।
- गाउँपालीकालाई पुर्ण सरसफाई युक्त र बिद्यालयलाई नमुना सरसफाई को विद्यालय कायम गरी वातावरण मैत्री सफा शहर बनाउन Post ODF अन्र्तगतका आवश्यक कार्यकम संचालन गरिनुका साथै मुख्य क्षेत्र लगायतका बिभिन्न स्थाहरुमा सार्बजनिक शौचालय निमार्णमा जोड दिइ हरियाली बृद्धि गर्न जोड दिइने कार्यकम रहेको छ ।

गाउँपालिका क्षेत्रको बजार क्षेत्रमा रहेका घर, पसल, होटल अगाडि जथाभावि फोहर फाल्नेलाई फोहर व्यवस्थापनको लागि जानकारी गरि र अटेर गरी जथाभावि फोहर गर्ने लाई फोहरमैला व्यवस्थापन ऐन बमोजिम कार्वाही अगाडि बढाइएको छ ।

- सडक अतिक्रमण गरी निर्माण गरेका घर,टहराहरु हटाउनका लागी सडक सिमानाको पुर्ननिर्धारण गरी हटाउने कार्यलाई प्राथमीकताका साथ अगाडी बढाइएको छ ।
- प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग र उत्पादनलाई घटाइने छ ।

(ङ) **संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनः**गाउँकार्यपालिका कार्यालयका कर्मचारी, जनप्रतिनिधी, नागरिक समाज, विकास साझेदार, गैरसरकारी संस्थाहरु संगको सहकार्य र समन्वयमा जोड दिइएको र उक्त कार्य सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरी उक्त कार्य गर्न निम्न नीति र कार्यक्रम अख्तियार गरिएको छ ।

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सवल बनाउन वडा तह सम्म. योजना तर्जुमा सम्बन्धी क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गरीने भएको छ ।
- गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सूचना मैत्री बनाउने व्यवस्था गरिने छ ।
- सञ्चार क्षेत्रलाई प्रवर्द्धन गर्न सामुदायिक संस्थालाई अनुदान सहयोग उपलव्ध गराईने छ
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरि प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिने छ ।
- कोभिड-१९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालिन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका कियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र,स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था,सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपुरक भुमिकामा परिचालन गर्ने निति लिईने. छ ।
- गैह्र सरकारी संस्थाहरुबाट गरिने कार्यक्रमहरु स्थानीय तहको स्वीकृती विना सञ्चालन नगरिने निति अवलम्बन गरिने छ ।
- योजनाको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनको लागी उपभोक्ता समितिका पदाधिकारीलाई योजना कार्यन्वयन पूर्व नै आवश्यक तालीम प्रदान गरिने भएको छ ,
- विभिन्न लक्षित वर्गहरुको क्षमतामा अभिबृद्धिका लागी क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिएको छ ।सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन गाउँपालीका कार्यालय तथा वडा कार्यालयहरुलाई साधन सम्पन्न गराईएको छ ,
- सार्वजनिक,परीक्षण,सामाजीक परिक्षण,सार्वजनीक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट सुशासन र पारदर्शिता अभिबृद्धि गरिने भएको छ ।

- गाउँपालीका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा अझ व्यवस्थित बनाउनका लागी कम्प्युटरिकृत स्वचालीत पद्धतिको अबलस्वन गर्दै लगिएको छ ।
- गाउँपालीकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिने कार्यक्रम रहेको छ ।
- प्रभाबकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुका लागि आवश्यक क्षमता बिकासका क्रियाकलापहरु सञ्चालन गरिएको छ ।
- गाउँपालीकाको काम कारवाहीलाई व्यवस्थित बनाउन डिजीटल सुचना प्रणाली र डिजिटल हाजीर प्रणालीलाइ निरन्तरता दिइएको छ ।
- गाउँ सभाबाट पारित कानून तथा कार्यपालिकाबाट स्विकृत गरिएका निर्देशिका तथा बिनियमलाई पालना गर्नका लागि सो सम्बन्धी जनप्रतिनिधीहरुका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने कार्यक्रम रहेको छ ।

**अन्य बिबिध कार्यक्रमहरुः :**

- छोटो समयमा बढी प्रतीफल र कम लगानीबाट बढी भन्दा बढी लाभ पुऱ्याउने र अधिकतम जनसहभागीता हुन सक्ने योजनालाई प्राथमीकता दिइने नितिलाई यथार्थ र प्रभाबकारी बनाइएको छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई LMBIS प्रणालीमा प्रविष्ट गरिने छ ।
- गाउँपालिकाको आवधिक योजना निर्माण कार्यलाई अघि बढाइने कार्यक्रम रहेको छ ।
- योजनाको निर्माण कार्यलाई दिगो रुपले विकास गर्नको लागि उपभोक्ता समितिहरुलाई दर्ता प्रकियामा ल्याई प्रमाण पत्र उपलव्धको समेत व्यवस्था गरिने छ ।
- अधिल्लो वर्षको वेरुजूलाई असुली तथा नियमितता गराउनको लागि आवश्यक पहल गरिने छ ।
- गाउँकार्यपालीका कर्मचारी,पदाधीकारीहरु,राजनैतीक दल तथा सरोकारवालाहरुको क्षमता विकास तथा गाउँपालीकाको संस्थागत बिकास कार्यलाई सुदृढ गरिनेछ, उक्त कार्यको लागि एलजिसिडिपी,ग्रामीण बिकास प्रशिक्षण केन्द्र,युनिसेफ, बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एवं अन्य संघसंस्था एवं संग समन्वय बढाइने कार्यक्रम रहेको छ ।
- कार्यालयबाट सम्पादन हुने जनताका दैनीक कार्यहरुलाई अझ जनमुखी छिटो छरितो (चुस्त दुरुस्त) पार्ने प्रयासका लागी शाखागत कार्य बिभाजन ,कर्मचारीको कार्य बिवरणको परिमार्जन गरी जिम्मेवारी बढाउने नीति लिइएको छ ।
- व्यवसायकर असुली गरी आन्तरीक आय वढाउनका लागी पहल गरीने छ । साथै करको प्रतिफल करदाताले पाउने व्यवस्था अबलम्बन गरिएको छ ।
- आन्तरिक आय वृद्धिका लागि सम्पत्ती कर लागु गरिने छ ।
- बिपन्न समुदायको आर्थिक विकास हुने खालका कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।

- गाउँपालिकाका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिविर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारीक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एवं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइने कार्यक्रम रहेको साथै बिपन्न एकल महिला अती बिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईने भएको छ ।
- एचआइभी संक्रमित व्यक्तिको लागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइएको छ ।
- आदर्श गाउँपालिका भित्र रहेका संघ संस्थाहरुलाई दर्ताको प्रकियामा ल्याइने छ ।
- आ.व.२०७७/०७८ को रजिष्ट्रेसन प्रयोजनका लागि गाउँपालिकाको जग्गाको मूल्याकंन साविक बमोजिम यथावत कायम गरिने छ ।
- आदर्श गाउँपालिकाको आ.व.२०७७/०७८ को अनुमानित आय तथा व्ययको विवरण देहाय बमोजिम रहेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

| आय तर्फ | | | |
|---|---|---|---|
| क.सं. | शिर्षक | स्रोत | रकम रु. |
| १ | समानिकरण अनुदान | संघ | ९,३६,००,०००। (नौ करोड छतिस लाख) |
| २ | समानीकरण अनुदान | प्रदेश | ६९,६८,०००। (उनाहत्तरी लाख अठसठ्ठी हजार) |
| ३ | राजश्व बांडफांड | संघ | ७,९९,१०,०००। (सात करोड उन्नानसय लाख दश हजार) |
| ४ | सवारीसाधन बांडफांड | प्रदेश | १४,८१,०००। (चौद्ब लाख एकासी हजार) |
| ५ | सामाजिक सुरक्षा भत्ता | संघ | ६,००,००,०००। (छ करोड) |
| ६ | विशेष चालु अनुदान | संघ | १,२२,००,०००। (एक करोड बाईस लाख) |
| ७ | बहुक्षेत्रीय पोषण | युनिसेफ | १६,००,०००। (सोह्र लाख( |
| ८ | शसर्त अनुदान | संघ | १५,२८,००,०००। (पन्ध करोड अठठाईस लाख) |
| ९ | आन्तरिक आम्दानी | स्थानीय | ४०,००,०००। (चालिस लाख) |
| | जम्मा | | ४१,२५,५९,०००। एकचालिस करोड पच्चीस लाख उनासठ्ठी हजार) |

| ब्यय तर्फ | कार्यक्रमहरु | |
|---|---|---|
| आन्तरिक आय तर्फ | पदाधिकारीहरुको सेवा,सुविधा लगायत अन्य प्रशासनिक खर्च | |
| सामाजिक सुरक्षा कार्यक्रम | सामाजिक सुरक्षा भत्ता | |
| बहुक्षेत्रीय पोषण तर्फ | पोषण कार्यक्रम | |
| शसर्त अनुदान | हस्तान्तरित योजना तथा कार्यक्रमहरु | |
| राजश्व बाँडफाड तर्फ | कर्मचारी तलब भत्ता लगायतका कार्यालय सञ्चालन सम्बन्धी | |

| | | |
|---|---|---|
| | चालु खर्च | |
| | विषयगत शाखाका कार्यक्रमहरु | |
| | समपुरक कार्यक्रमहरु | |
| | कार्यक्रम तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु | |
| [illegible]नीकरण संघ र प्रदेश | गाउँस्तरीय एवं वडास्तरीय लगायत आयोजना कार्यक्रम तथा पुँजीगत खर्च तर्फ | |
| [illegible] अनुदान | विशेष किसिमका योजनाहरु | |
| [illegible]पुरक अनुदान | सम्बन्धीत योजना तथा कार्यक्रमहरु | |

**आ.व.२०७६/०७७ का मुख्य उपलब्धिहरु:**

१) गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माणको सुरुवात ।
२) डिव बोरिङ्ग प्रविधिबाट गाउँपालिकाको केन्द्रबिन्दुमा खानेपानी उत्खनन तथा उपयोग ।
३) भौगोलिक रुपमा टाढा रहेको ६ नं.वडा कार्यालयमा सडक पुग्न सफल भएको ।
४) वडा नं.१ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण भएको ।

अन्तमा आफनो अमुल्य समय दिई पाल्नुहुने श्रद्धेय सभाध्ययक्षज्यू,वडा अध्यक्षज्युहरु,गाउँकार्यपालिकाका सदस्यज्यूहरु,गाउँसभाका सदस्यज्यूहरु लाई धन्यवाद दिन चाहान्छु ।यस गाउँ सभा सम्पन्न गर्नको लागि सहयोग गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने गाउँपालीकाका कर्मचारीलाई धन्यवाद दिन चाहन्छु । यो गाउँ सभामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्युहरु एवं हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनहुने सम्पुर्ण आदणीय व्यक्तित्वहरु प्रती हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु हुने सुरक्षा निकायका प्रमुखज्युहरु,पत्रकारज्युहरु सरकारी, गैरसरकारी क्षेत्रका सहभागीहरु लगायत उपस्थित अन्य व्यक्तित्व प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु । प्रस्तुत कार्यक्रमको कार्यान्वयनको निम्ति यहांहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शको रुपमा लिएर गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै यस सातौ गरीमामय गाउँसभाको सफलताको शुभकामना सहित यहांहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै बिदा चाहान्छु ।

धन्यवाद